# विद्युत नियमन आयोग

(नेपाल सरकार, विद्युत क्षेत्रको नियमक निकाय)


प.स. :२०७९/०८०
च.नं.३५२

मिति २०७९।१०।१५

श्री सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड,

**काठमाण्डौं, नेपाल ।**

**विषय : हकप्रद शेयरको सार्वजनिक निष्कासनमा पूर्व स्वीकृति सम्बन्धमा ।**

उपरोक्त विषयमा १० मेगावाट क्षमताको दोलखा जिल्लामा निर्माणधिन सिप्रिङ खोला जलविद्युत आयोजनाको प्रवर्द्धक श्री सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडले मिति २०७९।०७।१७ मा हकप्रद शेयरको सार्वजनिक निष्काशनको पूर्व स्वीकृतका लागि पेश गरेको निवेदनका सम्बन्धमा आयोगमा कारवाही हुँदा देहायका शर्तहरु पालना गर्ने गरी पूर्व स्वीकृती प्रदान गर्ने आयोगको मिति २०७९।१०।१२ को १८२ औं बैठकको निर्णय अनुसार अनुरोध छ ।

**शर्तहरु :**

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

..........................

(कल्प मोहन सोती)

सि.डि.ई.


विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np। वेबसाइट: www.erc.gov.np
फोन नं: +९७७-१-४४२२४४२,४४३९००४, ४४४३३९०। फ्याक्स: +९७७-१-४४३२५८२